
## हात्तीपाइले रोग

हात्तीपाइले रोग (फाइलेरिया) सरुवा रोग हो । यो रोग एक प्रकारको मसिनो धागो आकारको उच्चेरेरिया बाँन्क्रोफ्टी नामको परजीवीको कारणबाट लाग्दछ । यो परजीवी एक व्यक्तिबाट अर्को व्यक्तिमा लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ ।





## हात्तीपाइले रोगको जोखिम

हात्तीपाइले रोग लामखुट्टेको टोकाइबाट जुनसुकै उमेरका व्यक्तिलाई हुन सक्छ तर बालबालिकाहरू बढी जोखिमपूर्ण हुन्छन् । हात्तीपाइले रोगको परजीवी शरीरभित्र भए पनि बालबालिकाहरू स्वस्थ नै देखिएका हुन्छन् तर रोगको लक्षण बालबालिकाहरू वयस्क भएपछि देखिन सक्छ ।



## हात्तीपाइले रोगका लक्षणहरू



- पुरुषहरूमा अण्डकोष सुन्निनु, अण्डकोष बढ्दै जानु (हाइड्रोसिल हुनु), वरपरका नसाहरू फुल्नु/दुख्नु,
- महिलाहरूमा यौनाङ्ग सुन्निनु/दुख्नु, स्तन सुन्निनु/दुख्नु,
- खुट्टा सुन्निएर हात्तीको खुट्टा र पाइला जस्तै हुनु,
- हात सुन्निनु (थिच्दा नदब्ने किसिमको हुने गरी सुन्निनु),
- गिर्खा आउनु (ग्लाण्ड बढ्नु),
- पिसाबमा दही जस्तो बाक्लो लेदो देखिनु,

यो रोग लागेको व्यक्ति दैनिक क्रियाकलाप गर्न असमर्थ हुँदै जान्छ र अपाङ्ग भएर आर्थिक, सामाजिक र मानसिक रूपमा कमजोर हुँदै जान्छ ।

## हात्तीपाइले रोगबाट बच्ने उपायहरू

हात्तीपाइले रोगको लक्षण देखिएपछि खासगरी हातखुट्टा सुन्निएर हात्तीको खुट्टा वा पाइला जस्तो भएमा सोको कुनै उपचार छैन । त्यसकारण यो रोगको लक्षण देखापर्नु अगावै प्रत्येक वर्ष नेपाल सरकारबाट संचालन हुने हात्तीपाइले रोग विरुद्धको आम औषधि वितरण अभियानमा औषधि सेवन गर्नु नै हात्तीपाइले रोग लाग्नबाट बच्ने उत्तम उपाय हो । अर्को उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्न सुत्दा सधैं कीटनाशकयुक्त झुल वा लामखुट्टे भगाउने धुप वा मलम प्रयोग गर्नु हो ।



## हात्तीपाइले रोग विरूद्धका औषधिहरू र सेवन गर्नुपर्ने व्यक्तिहरू

डी.ई.सी. (डाइईथाइलकार्बामाजिन) र अल्बेन्डाजोल चक्की हात्तीपाइले रोग निवारणमा प्रयोग भएका प्रभावकारी २ थरी औषधिहरू हुन् । यी औषधिहरू हात्तीपाइले रोगबाट प्रभावित क्षेत्रका २ वर्ष माथिका सबै व्यक्तिहरूले सेवन गर्नुपर्छ । तर २ वर्षमुनिका बच्चाहरू, गर्भवती महिला, दिर्घरोगी र सिकिस्त बिरामीहरूले यी औषधिहरू सेवन गर्नु हुँदैन ।

## हात्तीपाइले रोगको औषधिको मात्रा र पटक

यी औषधिहरू वर्षको १ मात्रा १ पटक ६ वर्षसम्म लगातार खानु पर्दछ । यी औषधिहरू निम्नअनुसारको मात्रामा खानु पर्दछ :

| उमेर (वर्षमा) | डि.ई.सी. (१०० मि.ग्रा. सानो चक्की) | अल्बेन्डाजोल (४०० मि.ग्रा. ठूलो चक्की) |
|---|---|---|
| २ देखि ५ वर्ष | १ चक्की ○ | १ चक्की मात्र ○ |
| ६ देखि १४ वर्ष | २ चक्की ○ ○ | १ चक्की मात्र ○ |
| १५ वर्ष वा सोभन्दा माथि | ३ चक्की ○ ○ ○ | १ चक्की मात्र ○ |

हात्तीपाइले रोगका यी औषधिहरू खाली पेटमा कहिल्यै खानु हुँदैन । खाना वा नास्तासँगै अथवा खानापछि तुरुन्तै पर्याप्त पानीसँग खानुपर्दछ ।

## हात्तीपाइले रोगको औषधि पाइने स्थान

हात्तीपाइले रोग विरुद्धको औषधि नेपाल सरकारले प्रत्येक वर्ष आम औषधि सेवन अभियानका दिनमा तालिमप्राप्त स्वास्थ्यकर्मी तथा स्वयंसेविका/स्वयंसेवक मार्फत् प्रत्येक वडा वा घरदैलोमै गई निःशुल्क खुवाइन्छ । यो अभियान अघिपछि पनि आवश्यक भएमा सरकारी स्वास्थ्य संस्थामा गई यी औषधिहरू खान सकिन्छ ।

## हात्तीपाइले रोग विरूद्धको औषधि सेवनबाट हुन सक्ने असर

हालसम्म हात्तीपाइले रोगबाट प्रमावित नेपाल लगायत भारत, बङ्गलादेश, श्रीलंका, म्यान्मार, थाइलैण्ड, अफ्रिका र दक्षिण अमेरिकी मुलुकहरूका करोडौं मानिसहरूले यो औषधि सेवन गरिसकेका छन् । डी.ई.सी. र अल्बेन्डाजोल दुवै औषधि राम्रा, प्रभावकारी र सुरक्षित औषधि हुन् । तैपनि अन्य औषधिहरू जस्तै यी औषधिहरूको सेवनपछि कसैकसैलाई टाउको दुख्ने, ज्वरो आएजस्तो हुने, वाकवाकी लाग्ने, वान्ता हुने, पेट डम्म भएजस्तो हुन सक्छ । तर यस्तो असर एक दुई दिनपछि स्वतः निको भएर जान्छ । शरीरमा हात्तीपाइले रोगका परजीवी भएका व्यक्तिहरूलाई यस्ता असरहरू बढी देखिने गर्दछन् । यस्ता असरहरू देखिएमा औषधि प्रभावकारी छ र शरीरमा भएको परजीवी नष्ट हुँदैछ भन्ने बुझ्नु पर्दछ ।

## गम्भीर असर देखिएमा गर्नुपर्ने उपचार

शरीरमा भएका परजीवीको संख्या कम बढी भए अनुसार असर पनि कम बढी नै देखिने गर्दछन् । कसैलाई अलि बढी वा गम्भीर असर देखिएमा नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा तुरुन्तै सम्पर्क गरी जाँच र सल्लाह गर्नुपर्दछ ।

**वर्षको १ मात्रा १ पटक ६ वर्षसम्म लगातार हात्तीपाइले रोग विरुद्धको औषधि सेवन गरी हात्तीपाइले रोग लाग्नबाट बचौं ।**

**यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।**

World Health Organization

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं, फोन : ०१-४२५४२७१, फ्याक्स नं. : ०१-४२६१३८७
Website : www.nheicc.gov.np
२०७०/०७१

# हात्तीपाइले रोग

## (लिम्फ्याटिक फाइलेरिया)

**"लामखुट्टे, भुसुना साना प्राणी हुन्, यिनको टोकाइले स्वास्थ्यमा ठूलो खतरा ल्याउन सक्छ"**



**कीटनाशकयुक्त झुलको प्रयोग गरी लामखुट्टेको टोकाइबाट बचौं, वर्षको १ मात्रा १ पटक ६ वर्षसम्म लगातार हात्तीपाइले रोग विरुद्धको औषधि सेवन गरौं, हात्तीपाइले रोगबाट बचौं ।**